चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)।
कर्णाली प्रदेश, नेपाल।

## यात्रुबाहक बस खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशितमिति : २०७५/०८/२१)

यस नगरपलिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका यात्रुवाहक बस (Passenger Transportation Vehicle) E- Bidding मार्फत खरिद गर्नुपर्ने भएकोले उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकशित भएको मितिदेखी Website मा तोकिएको मिति र समयसम्ममा बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ।

२. PPMO को Website मा तोकिएको मिति तथा समयभित्र बोलपत्रदाताले बोलपत्र दखिला गर्दा अध्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृध्दि कर (VAT) दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, Importer को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्नको लागी अधिकार प्रत्यायोजन गरेको आधिकारिक पत्र (Manufacturer's Authorization Letter) को पत्रको प्रमाणित प्रतिलिपीहरु, Bid Submission Form, Price Schedule, Technical Specification, Delivery Schedule तथा बोलपत्र खरिद दस्तुर वापत लाग्ने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, चौरजहारी, रुकुममा रहेको मूल खाता नं. ४३३०३०४०१८१०२ मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, चौरजहारी, रुकुममा रहेको धरौटी खाता नं. ४३३०३०३००७१०२ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी १२० दिन म्याद रहेको बैंक जमानीपत्र (Unconditional Bid Bond) Bond) तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु Scanning गरी तोकिएको ढाँचामा Upload गर्नुपर्नेछ। बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएकोमिति पछिकोलाई मात्र मान्यता दिईनेछ।

३. कार्यालयबाट Hard Copy बोलपत्र उपलब्ध गराईने छैन। कुनै बोलपत्रदाताले सम्बन्धित Website बाट बोलपत्र Download गरी यस कार्यालयमा दाखिला गर्न आएमा त्यस्तो बोलपत्र कार्यालयले स्विकार गर्नेछैन।

४. बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी ७ (सात) दिनभित्र सम्पूर्ण सक्कल कागजातहरु अनिवार्य रुपमा कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ। सक्कल कागजातहरु पेश नगर्ने नगर्ने बोलपत्रदाताको बोलपत्रलाई मूल्याङ्कनको प्रक्रियामा लगिने छैन।

५. E-Bidding मार्फत दर्ता भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मिति (२०७५/०९/२२)गते (२०७५/०९/२२)गते आइतबार दिनको १३:०० बजे कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनी बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ छ साथै रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. अन्य कार्यबिधीहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| CJM/NCB/ GOODS/ 01 /2075/076 | Passenger Bus type Vehicle with 2x2 Seating Model, Seating Capacity 32 Passengers, Max. Engine power output shall not be less than 120 BHP, Max. Torque not less than 400 Nm@ rated RPM, & Others are as per approved Technical Specification. | २ (दुई) | ५,०००/- | ३,००,०००/- |
| | Passenger Bus type Vehicle with 2x2 Seating Model, Seating Capacity 26 Passengers, Max. Engine power output shall not be less than 75 PS, Max. Torque not less than 245 Nm@ rated RPM, & Others are as per approved Technical Specification. | १ (एक) | | |

निमित्त प्रमुख प्रशासकिय अधिकृत
तारा बहादुर कुवँर